वर्ष ४, अंक ११, फागुन

# अपराध अनुसन्धान

## मासिक ई-वुलेटिन



**प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. प्रद्युम्न कुमार कार्की

**सल्लाहकार**
प्र.ना.म.नि. राजेश कुमार लाल कर्ण
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.ना.नि. शैलेश खड्का
प्र.ना.नि. सन्देश थापा
प्र.स.नि. धन बहादुर लामिछाने

**ले-आउट/ग्राफिक्स**
प्र.स.नि. भुवन तिमिल्सैना

# विषय सूची


| | |
|---|---|
| विभागीय गतिविधि | १ |
| मासिक अपराध तथ्याङ्क | २ – ४ |
| प्रहरी सेवा प्रवाह | ४ – ५ |
| खोजतलास तथा समन्वय | ६ |
| अपराध अनुसन्धानमा सहायता प्रदान सम्बन्धी | ७ – ८ |
| अपराध समाचार | ९ – १३ |
| उत्कृष्ट अनुसन्धान | १४ |

# विभागीय गतिविधि

## प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीबाट उदयपुरमा नवनिर्मित भवनहरुको उद्घाटन



उदयपुर, ३० फागुन

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले जिल्ला प्रहरी कार्यालय उदयपुरको हाताभित्र नवनिर्मित कार्यालय, व्यारेक, हिरासत कक्ष, कार्यालय प्रमुखको निवास, सिनियर प्रहरी अधिकृत आवास, प्रहरी भान्साघर तथा नागरिक सहायता कक्षको आयोजित कार्यक्रम बीच उद्घाटन गर्नुभएको छ । उहाँले उक्त भवनहरूको निरीक्षण गर्नुका साथै भवन निर्माण कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने महानुभावहरुलाई प्रशंसापत्र समेत प्रदान गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले नयाँ भवनबाट पाउने प्रहरी सेवाको आशा नागरिकमा पनि बढ्ने भएकोले प्रहरीले प्रदान गर्ने सेवाको गुणस्तरलाई अझ प्रभावकारी बनाउनुपर्ने उल्लेख गर्नुभयो। चौबिसै घण्टा ड्युटीमा खटिनुपर्ने प्रहरी कर्मचारीहरुलाई नयाँ भौतिक सुबिधाले थप मनोवल बढ्ने र कार्यक्षेत्रमा समेत यसले अनुकूल वातावरण सृजना गर्ने विचार व्यक्त गर्दै थप जोश र उर्जाका साथ प्रहरी काम कारवाहीलाई अगाडि बढाउन कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई उहाँले निर्देशन दिनुभयो । सुरक्षा भनेको नागरिक र प्रहरीको संयुक्त जिम्मेवारी भएकाले अपराध नियन्त्रण कार्यमा प्रहरीलाई सहयोग गर्न उहाँले उपस्थित सर्वसाधारणलाई अनुरोध समेत गर्नुभयो।

उक्त अवसरमा १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बिसीले धन्यवाद ज्ञापन गर्दै सुबिधा सम्पन्न भवन प्राप्त भएसँगै प्रहरीद्वारा आम नागरिकलाई चुस्त दुरुस्त तथा थप प्रभावकारी ढंगले जनमैत्री प्रहरी सेवा प्रदान गर्नेमा आफू बिश्वस्त रहेको बताउनुभयो।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी वीरेन्द्र कुमार यादव, त्रियुगा नगरपालिकाका प्रमुख बलदेव चौधरी तथा पत्रकार महासंघ उदयपुरका अध्यक्ष भरत खड्काले शुभकामना मन्तब्य राख्नु भएको थियो । त्रियुगा नगरपालिका-१० बोक्सेस्थित जिल्ला प्रहरी कार्यालय उदयपुरको हाताभित्र नवनिर्मित उक्त भवनहरू नेपाल सरकारको नियमित बजेटबाट कूल ९ करोड ४९ लाख ९६ हजार ६ सय ६८ रुपैयाँको लागतमा निर्माण कार्य सम्पन्न भएको हो।

उक्त कार्यक्रममा संघीय प्रहरी ईकाई कार्यालय धरानका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक बिकासराज खनाल, विभिन्न सरकारी कार्यालयका जिल्लास्थित प्रमुख तथा प्रतिनिधि, बिभिन्न राजनैतिक दलका प्रतिनिधि, स्थानिय बुद्धिजीवी, समाजसेवी तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## दक्षिण सुडानस्थित अनमिस मिसनमा खटी जाने प्रहरी टोलीको बिदाइ



*काठमाडौं, २ फागुन*

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडानस्थित अनमिस मिसनमा खटी जाने प्रहरी टोलीलाई प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग अन्तर्राष्ट्रिय प्रहरी समन्वय महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक प्रदिप कुमार श्रेष्ठले बिदाइ गर्नुभयो।

उक्त मिसनमा खटिइ जाने प्रहरी कर्मचारीहरूमा प्रहरी निरीक्षक ४ जना र प्रहरी नायव निरीक्षक ५ जना गरी जम्मा ९ जना रहेका छन्। उनीहरू मध्ये दुई समूहमा गरी फागुन ४ गते ६ जना तथा फागुन ६ गते ३ जना त्यसतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

## कुकुरद्वारा मानव खोजी तथा उद्दार तालिम समापन




*काठमाडौं, ८ फागुन*

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको तत्वावधानमा प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग केनाइन महाशाखा महाराजगंजमा संचालित पहिलो समूहको कुकुरद्वारा मानव खोजी तथा उद्दार तालिम सम्पन्न भएको छ।


गत पुस ३० गतेदेखि संचालित उक्त तालिममा प्रहरी नायव निरीक्षक १ जना, प्रहरी सहायक निरीक्षक १ जना, प्रहरी हवल्दार ५ जना र प्रहरी जवान ११ जना गरी जम्मा १८ जना प्रहरी कर्मचारीहरुको सहभागिता रहेको थियो।

# मासिक अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको फागुन महिनाको अपराध तथ्याङ्क प्रस्तुति




## त्रैमासिक मुद्धा दर्ता संख्या (पौष - फागुन)




## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (पौष-फागुन)





## फागुन महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेशमहानगरी/यब्युरोको नाम/ | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना |
|---|---|---|---|---|
| १. | महानगरीय प्रहरी कार्यालय, रानीपोखरी | १९ | ५ वर्ष १ महिना २१ दिन | रु-|०००,५७,१६,१. |
| २. | १ नंप्रदेश प्रहरी कार्यालय ., विराटनगर | ४७ | ३८ वर्ष ५ महिना ५ दिन | रु-|२३३,४२,१३. |
| ३. | २ नंप्रदेश प्रहरी कार्यालय ., जनकपुर | १०३ | ३१ वर्ष ११ महिना २ दिन | रु-|७५३,२६,७. |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ४२ | ११ वर्ष ९ महिना ८ दिन | रु-|०४८,४६,३५. |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ३१ | ९ वर्ष ३ महिना १० दिन | रु-|५८७,८२,९. |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | ७० | ३६ वर्ष ७ महिना २९ दिन | रु-|५६६,६४,३. |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ८ | ८ वर्ष ९ महिना १२ दिन | रु-|४०८,५८. |
| ८. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १३ | २८ वर्ष २ महिना १० दिन | रु-|०००,८१,६४,२. |
| | **जम्मा** | **३३३ जना** | **१७० वर्ष २ महिना ७ दिन** | **रु-|५९५,५८,५१,४.** |

## फागुन महिनाको लागूऔषध कारोबारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्धा संख्या




### माघ र फागुन महिनाको लागूऔषध कारोबारमा संलग्न व्यक्ति पक्राउ संख्या





# प्रहरी सेवा प्रवाह

### फागुन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण



# सामुदायिक प्रहरी गतिविधि

फागुन महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र

## फागुन महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण


| सि.नं. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत संख्या |
|---|---|---|---|---|
| १ | आसरा सुधार केन्द्र, रानीबारी | ३९ जना | ३४ जना | १२० जना |
| २ | महिला आसरा सुधार केन्द्र, तिलगंगा | नभएको | २ जना | ५ जना |

## फागुन महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | ५ जना |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ११ जना |
| ३ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | २०५१ जना |
| ४ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहिका लागी अध्यागमन कार्यालय पठाईएको | १ जना |

# खोजतलास तथा समन्वय

## फागुन महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## फागुन महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण



# अपराध अनुसन्धानमा सहायता प्रदान

## साईबर ब्युरो


- फागुन महिनामा ३६२ वटा निवेदन प्राप्त भएकोमा २८५ वटा अघिल्लो महिनाको समेत गरि फछ्र्यौट भएको र अन्य अनुसन्धानको क्रममा रहेको।
- बिद्युतिय कारोवार ऐन, २०६३ अन्तर्गत १५ वटा मुद्धा दर्ता गरिएको।

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट फागुन महिना भित्र बिभिन्न १३ वटा मुद्दा शिर्षक ( बालबालिका विरुद्धको कसूर, झुण्डी मृत्यु, आत्महत्या, आत्महत्या दुरुत्साहन, जबरजस्ती करणी, लिखत सम्बन्धि कसूर, मानव वेचविखन, लागु औषध, अबैध गर्भपतन, बहुविवाह, डाँका चोरी, ठगी, विद्युतीय कारोबार ) अन्तर्गत २५ वटा मुद्दाको ११० वटा सबुदहरु परीक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा

- फागुन महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघिय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसंग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।






## केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७८/११/०१ गते देखि ऐ.३० गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागी **६६९** केशहरु र **३६६२** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी **६५४** परीक्षण गरिएको।
- (AFIS) मा **१४२३** Data Entry भएको।

## केनाईन महाशाखा,महाराजगञ्ज





# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### कुटपिट गरी हत्या गरेको अभियोगमा २ जना पक्राउ

*काठमाडौं, ६ फागुन*

काठमाडौं महानगरपालिका-१३ रबिभवन घर भई कीर्तिपुर नगरपालिका-६ चोभार पाण्डेछाप बस्ने ६५ वर्षीय न्हुछे नारायण महर्जनलाई कुटपिट गरी हत्या गरेको अभियोगमा उनकै २ जना छोराहरू ४५ वर्षीय शंकर महर्जन र ४० वर्षीय कृष्ण महर्जनलाई प्रहरीले पक्राउ गरेको छ।

छोराहरूले कुटपिट गर्दा गम्भीर घाइते भएका न्हुछे नारायणको ट्रमा सेन्टर काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त, कीर्तिपुरबाट खटिएको प्रहरीले कुटपिटमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूको साथबाट प्रहरीले २ थान प्रेसर कुकर र मसला पिस्ने लोहोरो बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यानमा संलग्न व्यक्ति बहराइनबाट पक्राउ

*काठमाडौं, २४ फागुन*

कास्की लेखनाथमा मजदुरी काम गरी बस्ने सुनसरी धरान घर भएका २० वर्षीय रोजन राईको हत्या भएको घटनामा संलग्न कास्की लेखनाथ सातमुहाने ठेगाना भएका ४६ वर्षीय अशोक गुरूङ पक्राउ परेका छन्।

२०६३ बैशाख २९ गते बेलुकी कुटपिटबाट सख्त घाइते भएका रोजन राईको उपचारको क्रममा २०६३ जेठ २ गते मृत्यु भएको थियो। घटनामा संलग्न अशोक गुरुङ घटनापश्चात वैदेशिक रोजगारीको सिलसिलामा बहराईन गएको र उनी विरुद्ध अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउको लागि जिल्ला प्रहरी कार्यालय कास्कीको अनुरोधमा २०७८ मंसिर २७ गते ईन्टरपोल महासचिवालयबाट 'रेड नोटिस' जारी गरिएकोमा उनी बहराईनमा पक्राउ परेका थिए।

उनलाई सम्बन्धित कसूरमा कारवाही गर्ने/गराउने प्रयोजनार्थ प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखाबाट खटिएको प्रहरीले नेपाल ल्याएको र थप अनुसन्धान तथा आवश्यक कानुनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय, कास्कीलाई बुझाइएको छ।

### महिलाको हत्यामा संलग्न २ जना पक्राउ

*भक्तपुर, २७ फागुन*

भक्तपुर नागपोखरी बस्ने काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका-९ नवलडाँडा स्थायी वतन भएकी २८ वर्षीया जेनिशा नगरकोटीको धारिलो हतियार चक्कुले घाँटी रेटी हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा भक्तपुर नगरपालिका-१० थलाछे बस्ने काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका-२ भकुण्डेवेशी घर भएका ४४ वर्षीय रमेश भन्ने कुमार लामा र भक्तपुर नगरपालिका-८ महेश्वरी बस्ने काभ्रेपलाञ्चोक भुम्लु गाउँपालिका-४ चौवास घर भएका ३८ वर्षीय नवराज रिजाल रहेका छन्। चाँगुनारायण नगरपालिका-७ बागरेस्थित तरकारी खेती बारीमा रहेको टहराभित्र घाँटी रेटी हत्या भएको अवस्थामा गत जेनिशा नगरकोटीको शव फेला परेको घटनाको अनुसन्धान गर्ने क्रममा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

उनीहरू उपर भक्तपुर जिल्ला अदालतबाट कर्तब्य ज्यान मुद्दामा ७ दिन म्याद थप गरी थप अनुसन्धान भइरहेको छ।

### बालिकाको हत्या गरेको अभियोगमा २ जना पक्राउ

*मोरङ, २१ फागुन*

डेढ वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-७ बस्ने २५ वर्षीय अजय चौधरी र सोही ठाउँ बस्ने २८ वर्षीय मिथुन चौधरीलाई प्रहरीले पक्राउ गरेको छ।

घरमा खेल्दै गरेको अवस्थामा हराएकी बालिका सुन्दरहरैँचा नगरपालिका-७ गणेशपुरस्थित बनमारा बयरघारीमा अशक्त अवस्थामा फेला परेकी थिइन्। उनको स्थानीय अस्पताल हुँदै नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको थियो।

अजय चौधरी सोही ठाउँस्थित गछिया खोलामा बालुवा चाल्दै गरेको अवस्थामा दाइ मिथुन चौधरीसँग भेट भएपछि केरा बगानमा गई गाँजा खाई अजयले बालिकाको घरमा गएर कोही नभएको मौकामा बालिकालाई बोकी बनमारा झाँडीमा ल्याएको, करणी गर्ने क्रममा बालिका रुन थालेपछि टाउकोमा बियरको बोतल तथा ढुंगा समेतले हानी करणी गरेको र पछि मिथुनले समेत जबरजस्ती करणी गरी सोही स्थानमा छोडेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

घटनास्थलबाट प्रहरीले रगत जस्तो रातो पदार्थ लागेको २ थान ढुंगा, १ थान बियरको बोतल र पीडितको १ थान सुरुवाल बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर सम्बन्धी

### बैंकिङ कसूर मुद्दाका २ जना फरार प्रतिवादीहरू पक्राउ

*काठमाडौं, २ फागुन*

बैंकिङ कसूर मुद्दाका २ जना फरार प्रतिवादीहरूलाई प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगञ्जबाट खटिएको प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा तनहुँ ब्यास नगरपालिका-९ वतन भई काठमाडौं महानगरपालिका-२६ सोहखुट्टे बस्ने एम एम कन्स्ट्रक्शन प्रा.लि. का संचालक ३२ वर्षीय सुरज गुरुङ र सिन्धुपाल्चोक घर भई काठमाडौं महानगरपालिका-३१ तीनकुने बस्ने ३६ वर्षीय सुमित भण्डारी रहेका छन्।

उच्च अदालत पाटनको गत मंसिर २४ गतेको फैसलाले सुरजलाई २४ दिन कैद र ७२ लाख रुपैयाँ जरिवाना र सुमितलाई २०७७ मंसिर १३ गतेको फैसलाले ५ दिन कैद र ९ लाख ७३ हजार रुपैयाँ जरिवाना ठहर भएको थियो। सुरजलाई काठमाडौं गोंगबुबाट र सुमितलाई लाजिम्पाटबाट फेला पारी पक्राउ गरिएको हो।

उनीहरूले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितहरूलाई झुक्यानमा पारी आ-आफ्नो बैंक खाताबाट भुक्तान हुने भनी चेक दिएको ठहर गरी उच्च अदालत पाटनले उक्त फैसला गरेको थियो। फैसला कार्यान्वयनका लागि सुरजलाई जिल्ला अदालत ललितपुर र सुमितलाई जिल्ला अदालत भक्तपुरमा पेश गरिएको उक्त ब्यूरोले जनाएको छ।

### बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, ७ फागुन*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-२६ बस्ने धादिङ साविक चैनपुर गाविस-१ घर भएका ४३ वर्षीय रमेश बहादुर पाठकलाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटन ललितपुरको २०७८ मंसिर २१ गतेको फैसलाले उक्त मुद्दामा ७ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका पाठकलाई महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले काठमाडौं सोह्रखुट्टेबाट पक्राउ गरेको हो।

उनलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरिएको उक्त महाशाखाले जनाएको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, ९ फागुन*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी तारकेश्वर नगरपालिका-७ बस्ने नुवाकोट लिखु गाउँपालिका-४ घर भएका ३७ वर्षीय विनोद थापालाई प्रहरीले पक्राउ गरेको छ।

बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनबाट २०७८ मंसिर ७ गतेको फैसलाले १५ दिन कैद र ५१ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं फुटुङबाट पक्राउ गरेको हो।

विनोदले आफ्नो खातामा प्रर्याप्त मौज्दात रकम नभएको भन्ने जानी जानी पीडितलाई झुक्यानमा पारी बैंक अफ काठमाडौं लिमिटेड, शाखा कार्यालय गोंगबुमा निजको खाताबाट रकम भुक्तान हुने भनी चेक दिएको ठहर गरी अदालतले उक्त फैसला गरेको थियो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, १० फागुन*

बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी तारकेश्वर नगरपालिका-१० मनमैजुमा श्रृष्टी प्रफुल सप्लायर्स संचालन गरी बस्ने नुवाकोट शिवपुरी गाउँपालिका-८ घर भएका ४३ वर्षीय राम प्रसाद पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ।

बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको गत माघ २ गतेको फैसलाले ५ दिन कैद र २२ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले नेपालटार काठमाडौंबाट पक्राउ गरेको हो। पाण्डेले एनआइसी बैंक लिमिटेडमा रहेको उनको खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितलाई झुक्यानमा पारी चेक दिएको र रकम भुक्तान हुन नसकेको ठहर गर्दै अदालतले उनी उपर उक्त फैसला गरेको थियो।

उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको छ।

## बैंक तथा बित्तीय संस्था ऐन अन्तर्गतको कसूरमा संलग्न १ जना चिनियाँ नागरिक सहित ३७ जना पक्राउ

*काठमाडौं, ११ फागुन*

बैंक तथा बित्तिय संस्था ऐन, २०७३ अन्तर्गतको कसूरमा संलग्न चिनियाँ नागरिक च्याङ हि बाओ सहित २४ पुरुष र १३ महिला गरी जम्मा ३७ जनालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-९ पुरानो बानेश्वरस्थित एक घर भाडामा लिई सिन्धुली घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका-७ बस्ने दीपक श्रेष्ठको नाममा लेमोन ग्रुप अफ कम्पनी दर्ता गरी चिनियाँ नागरिकद्वारा बिभिन्न एप्लिकेशनहरु मार्फत गैर कानूनी तवरले लोन स्क्याम गरिरहेको भन्ने बिशेष सूचनाको आधारमा महानगरीय प्रहरी परिसर काठमाडौं र महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरबाट खटिएको संयुक्त टोलीले उक्त कार्यमा संलग्न उनीहरुलाई पक्राउ गरेको हो। साथै प्रहरीले बिभिन्न एप्लिकेशनहरु मार्फत लोन स्क्याम गर्न प्रयोग भएका ४ थान ल्यापटप र २ थान मोबाइल समेत बरामद गरेको छ।

उनीहरु उपर बैंक तथा बित्तिय संस्था ऐन, २०७३ अन्तर्गतको कसूरमा काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको छ।

## बैंकको एटिएम फोर्दै गरेको अवस्थामा पक्राउ

*काठमाडौं, १५ फागुन*

काठमाडौं महानगरपालिका-१ नक्साल भगवतीबहालस्थित सगरमाथा इन्स्युरेन्स भबनमा रहेको एनआइसि एसिया बैंकको एटिएमबाट नगद चोरी गर्न एटिएम फोर्दै गरेको अवस्थामा सानोगौचरण बस्ने काभ्रे धुलिखेल नगरपालिका-७ घर भएका २१ वर्षीय आकाश तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

महानगरीय प्रहरी वृत्त मालिगाउँबाट खटिएको प्रहरीले आकाशलाई एटिएम फोर्न प्रयोग गर्ने औजार सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*उदयपुर, ७ फागुन*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा उदयपुरगढी गाउँपालिका-८ गडेर बस्ने २९ वर्षीय मनोज कुमार राईलाई प्रहरीले पक्राउ गरेको छ।

राईले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय, उदयपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं,१० फागुन*

ललितपुर, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दोलखा मैलुङ गाउँपालिका-४ घर भई ललितपुर बस्ने १९ वर्षीय अमिर गुरूङलाई प्रहरीले पक्राउ गरेको छ। अमिरले ती बालिकालाई महालक्ष्मी नगरपालिका-४ ईमाडोलमा गत माघ २२ गते दिउँसो जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त, सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

सुनसरी, १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बर्जु गाउँपालिका-४ बस्ने २४ वर्षीय अर्जुन गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। अर्जुनले ती किशोरीलाई आफ्नै घरमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सितागन्ज र प्रहरी चौकी अमडुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*ललितपुर,*

९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कोञ्ज्योसोम गाउँपालिका-२ शंखु बस्ने २८ वर्षीय सन्तमान थोकरलाई प्रहरीले पक्राउ गरेको छ। थोकरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोञ्ज्योसोमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

*झापा,*

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा भद्रपुर नगरपालिका-४ करेला चोक बस्ने १९ वर्षीय रमेश लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ। लिम्बुले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर

प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

*दैलेख,*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चामुण्डाबिन्दाशैनी नगरपालिका-४ नाओ बस्ने २४ वर्षीय नबिन शाहीलाई प्रहरीले पक्राउ गरेको छ । नबिनले आफ्नै घरमा ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जम्बुकाधबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

*ललितपुर,*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गोदावरी नगरपालिका-५ लेले चम्पेश्वरी बस्ने सल्यान कालिमाटी गाउँपालिका-१ पोखरा घर भएका २३ वर्षीय प्रकाश भन्ने छबिलाल खड्कालाई प्रहरीले पक्राउ गरेको छ । खड्काले ती बालिकालाई ललाई फकाई गोदावरी नगरपालिका-५ लेलेस्थित तरकारी खेती गरेको टनेलामा लगि जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी टिकाभैरब र महानगरीय प्रहरी वृत्त चापागाँउबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

*झापा,*

१७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बुद्धशान्ती गाउँपालिका-२ खतिवडा चोक बस्ने २५ वर्षीय रोहित शिवालाई प्रहरीले पक्राउ गरेको छ । रोहितले गत फागुन १२ गते ती बालिकालाई ललाई फकाई आफ्नो घरमा लगि जबरजस्ती करणी गरेको भन्ने जाहेरी प्राप्त भएपश्चात ईलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

सप्तरी, *२३ फागुन*

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोग डाक्नेश्वरी नगरपालिका-३ हटेल बस्ने १९ वर्षीय चन्दन कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ ।

साहले ती बालिकालाई घर छेउको पोखरीको डिलमुनी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी तरहिमाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध सहित पक्राउ

*सिन्धुली, २ फागुन*

कमलामाई नगरपालिका-४ स्थितबाट करिब ३६ केजी ८ सय ७० ग्राम अवैध लागूऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही नगरपालिका-१ ओख्ले बस्ने ४२ वर्षीय कालु बहादुर ब्लोन र १९ वर्षीय कृष्ण बहादुर ब्लोन रहेका छन् । जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । साथै सोही कार्यालयबाट खटिएको प्रहरीले मरिण गाउँपालिका-७ देउजोर बस्ने ३२ वर्षीय बहादुर गोलेलाई समेत करिब ३२ किलो अवैध लागूऔषध गाँजा सहित पक्राउ गरेको छ ।

कास्की, पोखरा महानगरपालिका-१७ राममन्दिर चोकबाट नियन्त्रित लागूऔषध नाईट्राभेट २ सय २० ट्याब्लेट र १ किलो ५ सय ग्राम अवैध लागूऔषध गाँजा सहित सोही ठाउँ बस्ने १९ वर्षीय प्रश्न भण्डारी समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## कटुवा पेस्तोल सहित पक्राउ

*झापा, १ फागुन*

भद्रपुर नगरपालिका-६ नयाँबस्ती बस्ने २४ वर्षीय मुगालाल माझीलाई १ थान अवैध कटुवा पेस्तोल सहित प्रहरीले पक्राउ गरेको छ ।

उनको घरमा हतियार छ भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुर र २ नम्बर सशस्त्र प्रहरी गण झापाबाट खटिएको संयुक्त प्रहरीले जाँच गर्ने क्रममा घर बाहिर झोलामा लुकाई राखेको उक्त पेस्तोल फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## चितुवाको छाला सहित पक्राउ

*दाङ, ३ फागुन*



लमही नगरपालिका-५ रातोडाँडाबाट १ थान चितुवाको छाला सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा राजपुर गाउँपालिका-५ महसेनीखोला बस्ने ४३ वर्षीय राज कुमार पुन र तुलसीपुर उपमहानगरपालिका-११ बेलगडारी बस्ने २६ वर्षीय कृष्ण चौधरी रहेका छन् । वडा प्रहरी कार्यालय लमही र लुम्बिनी प्रदेश प्रहरी कार्यालयबाट खटिएको संयुक्त प्रहरी टोलीले शंकास्पद रुपमा हिँडिरहेका उनीहरुलाई जाँच गर्दा उक्त छाला सहित फेला पारी पक्राउ गरेको हो ।

दुवै जनालाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि डिभिजन वन कार्यालय लमहीमा बुझाइएको छ ।

## ज्यान मार्ने उद्योग/चोरी मुद्दाका फरार प्रतिवादी २० वर्षपछि पक्राउ

*स्याङ्जा, ५ फागुन*

ज्यान मार्ने उद्योग/चोरी मुद्दाका फरार प्रतिवादी आँधिखोला गाउँपालिका-५ बस्ने ५० वर्षीय शंकर सुवेदीलाई घटनाको २० वर्षपछि प्रहरीले पक्राउ गरेको छ ।

शंकरले आँधिखोला गाउँपालिका-५ बस्ने बल बहादुर बोगटीलाई २०५३ वैशाख २ गते बियरको बोतलले टाउकोमा प्रहार गरी घाइते बनाई पैसा समेत चोरी लगेको घटनाको सम्बन्धमा ज्यान मार्ने उद्योग मुद्दामा पुनराबेदन अदालत पोखराको २०५८ वैशाख २ गतेको फैसलाले ५ वर्ष कैद सजाय तोकिई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले उनकै गाउँबाट फेला पारी पक्राउ गरेको हो ।

उनलाई अदालतको आदेशले कैद भुक्तानको लागि जिल्ला कारागार स्याङ्जा पठाइएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

## यार्सा गुम्बा र भालुको पित्त सहित १ जना पक्राउ

*कञ्चनपुर, ८ फागुन*



कृष्णपुर नगरपालिका-५ वनदेवी मन्दिर नजिकबाट ५ सय २४ ग्राम यार्सागुम्बा र ९२ ग्राम तौलको भालुको पित्त सहित जुम्ला कन्कासुन्दरी गाउँपालिका-६ स्थायी घर भई हाल

कैलाली गोदावरी नगरपालिका-२ अत्तरिया डेरा गरी बस्ने ५७ वर्षीय बृख कामीलाई प्रहरीले पक्राउ गरेको छ।

सुदूरपश्चिम प्रदेश प्रहरी कर्यालय धनगढी र ईलाका प्रहरी कार्यालय गुलरीया कञ्चनपुरबाट खटिएको संयुक्त टोलीले उनलाई २४ ग्राम यार्सागुम्बा र भालुको पित्त सहित फेला पारी पक्राउ गरेको हो। साथै अनुसन्धानको क्रममा निजको कोठा तलासी गर्दा थप ५ सय ग्राम यार्सागुम्बा फेला पारी प्रहरीले बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध कल सेन्टर संचालक सहित ८० जना पक्राउ

*भक्तपुर, १० फागुन*

सानोठिमीस्थित घर भाडामा लिएर अवैध कल सेन्टर संचालन गरेको अभियोगमा सोही ठाउँस्थित सन सिटी अपार्टमेन्टको १२०६ नम्बर कोठामा बस्दै आएका चिनियाँ नागरिक २९ वर्षीय वाङजिनाव सहित सो कार्यमा संलग्न ८० जनालाई प्रहरीले पक्राउ गरेको छ।

भारतीय मुलका युवा युवतीहरुलाई छोटो समयको लागि कुनै सिस्टममार्फत ५ देखि १० हजार सम्म सानो सानो मात्रामा ऋण लगानी गरी निश्चित ब्याज सहित तोकिएको समयभित्र उठाउन ऋणिहरुलाई कल सेन्टर मार्फत सम्पर्कमा ल्याउने, ऋण नतिरे थर्काउने, गाली गर्ने, धम्काउने जस्ता कार्य संचालन गर्ने वाङजिनावले नेपाली युवा युवतीहरूको प्रयोग गरी कल सेन्टर संचालन गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा खटिएको प्रहरीले उक्त घरबाट ४७ जना महिला र ३३ जना पुरुष गरी ८० जनालाई पक्राउ गरेको हो। उक्त कार्य संचालन गर्न प्रयोग भएका १४ थान डेस्कटप कम्प्युटर, ४८ थान ल्याप्टप र २ थान आइप्याड प्रहरीले बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान जारी रहेको छ।

## विभिन्न हातहतियार सहित ३ जना पक्राउ

*बाँके, १८ फागुन*

डुडुवा गाउँपालिका-४ राप्ती पुल नजिकबाट मेड इन यूएसए लेखेको १ थान अटोमेटिक पेस्तोल, सोको १ थान म्याग्जिन, ९ राउण्ड गोली, १ थान खुडा र २ थान नोक सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा नेपालगञ्ज उपमहानगरपालिका-१८ कारकाँदो बस्ने २९ वर्षीय सुसान्त के.सी., सोही उपमहानगरपालिका-१२ कोरियनपुर बस्ने २८ वर्षीय दिपेन्द्र अधिकारी र कैलाली लम्किचुहा नगरपालिका-३ बस्ने ३२ वर्षीय द्वारिका उपाध्याय रहेका छन्।

उक्त स्थानमा गोली पड्किएजस्तो आवाज आएपछि ईलाका प्रहरी कार्यालय बनकट्टीबाट खटिएको प्रहरीले नेपालगंजबाट राप्ती नदीतर्फ जाँदै गरेको सुसान्तले चलाएको बाग्मती प्रदेश ०१-०२५ च ३०९७ नम्बरको गाडीलाई जाँच गर्दा गाडीको सिट पछाडि झोलामा लुकाई राखिएको अवस्थामा उक्त हातहतियार फेला पारी गाडीमा सवार उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## हुण्डी कारोबारमा संलग्न २ जना डेढ करोड रकम सहित पक्राउ

*काठमाडौं, २३ फागुन*

काठमाडौं महानगरपालिका-१३ ताहचलबाट हुण्डी कारोबारमा संलग्न २ जनालाई डेढ करोड रूपैयाँ सहित प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१९ टङ्केश्वरी ठेगाना भई कीर्तिपुर नगरपालिका-३ बस्ने २४ वर्षीय बिक्की खड्गी र काठमाडौं महानगरपालिका-१३ ताहचल बस्ने भारत प्रान्त पश्चिम बङ्गाल दार्जलिङ सिलिगुरी ठेगाना भएका ३२ वर्षीय अमित कुमार अग्रवाल रहेका छन्।

काठमाडौं महानगरपालिका-१३ ताहचल डेरा गरी काठमाडौंको मख्खनमा बिमला इन्टरनेशनल प्रालि सञ्चालन गरी नक्कली गर-गहनाको होलसेल कारोबार गरी बस्ने अमित कुमार अग्रवाल समेतका व्यक्तिहरूले राजस्व छली गैरकानूनी रूपमा हुण्डी मार्फत वित्तिय कारोबार गर्दै आइरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले अमित कुमार अग्रवाल बस्ने घरको गेट अगाडि बिक्की खड्गीलाई फेला पारी सोधपुछ गर्दा उनले कालीमाटीस्थित जीवनदृष्टी बहुउद्धेश्यीय सहकारी संस्थाबाट ५० लाख रूपैयाँ ल्याई अमित कुमारको कोठामा पुऱ्याइ दिएको बताएपछि अमित कुमारको डेरा तलासी गर्दा नेपाली नगद १ करोड ५० लाख फेला परेको थियो।

उनीहरूबाट विभिन्न चेक, भौचर प्याड, कारोबार सम्बन्धी विभिन्न कागजातहरू, २ थान ल्यापटप र २ थान मोबाइल समेत प्रहरीले बरामद गरेको छ।

## जब सेन्टरको नाममा ठगी गर्ने ९ जना पक्राउ

*काठमाडौं, २३ फागुन*

उपत्यकाको विभिन्न स्थानमा जब सेन्टरहरु स्थापना गरी विभिन्न काममा जागिर लगाईदिने बहानामा ठगीमा गरेको अभियोगमा काठमाडौंको कोटेश्वर,नयाँबानेश्वर,चाबहिल,बालाजु लगायतका स्थानबाट ९ जनालाई महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले पक्राउ गरेको छ।

प्रारम्भिक अनुसन्धानको क्रममा उल्लेखित जब सेन्टरहरुले विभिन्न स्थानमा जब प्लेसमेन्ट कम्पनिहरु दर्ता गर्ने र उक्त कम्पनिहरुले सामाजिक सञ्जाल, पत्रपत्रिका, प्रचारपम्प्लेटका माध्यमबाट घरमै बसी जागिर मिल्छ भनि प्रचारप्रसार गर्ने तथा जागिरका लागि उक्त जब सेन्टरको सम्पर्कमा आउने व्यक्तिहरुलाई फाराम भर्ने बहानामा ३ सय देखि ५ सय रूपैयाँसम्म फाराम चार्ज तथा १ हजार देखि ६ हजार रूपैयाँसम्म जब ग्यारेन्टि शुल्क लिने गरेको खुल्न आएको छ।

साथै फाराम भर्ने व्यक्तिहरूलाई विज्ञापनमा उल्लेखित शर्त बमोजिमको काममा नलगाउने तथा जागिरमा लगाई हाले पनि तोकिए बमोजिम तलब र सुबिधा नदिई केहि समयमानै उक्त जागिर छोड्न बाध्य बनाउने र कुनै एक जब सेन्टरमा फाराम दर्ता गरिसकेको व्यक्तिलाई तपाईको जागिर पक्का भइसकेको भनि एक जब सेन्टरबाट अर्को जब सेन्टरमा पठाई त्यहाँ समेत फाराम शुल्क असुल्ने गरेको खुल्न आएको छ।

उनीहरूलाई आवश्यक कारबाहीको लागि महानगरीय प्रहरी वृत्त नयाँबानेश्वर र बालाजुमा पठाइएको छ।

*भक्तपुर, १० फागुन*

सानोठिमीस्थित घर भाडामा लिएर अवैध कल सेन्टर संचालन गरेको अभियोगमा सोही ठाउँस्थित सन सिटी अपार्टमेन्टको १२०६ नम्बर कोठामा बस्दै आएका चिनियाँ नागरिक २९ वर्षीय वाङजिनाव सहित सो कार्यमा संलग्न ८० जनालाई प्रहरीले पक्राउ गरेको छ।

भारतीय मुलका युवा युवतीहरुलाई छोटो समयको लागि कुनै सिस्टममार्फत ५ देखि १० हजार सम्म सानो सानो मात्रामा ऋण लगानी गरी निश्चित ब्याज सहित तोकिएको समयभित्र उठाउन ऋणिहरुलाई कल सेन्टर मार्फत सम्पर्कमा ल्याउने, ऋण नतिरे थर्काउने, गाली गर्ने, धम्काउने जस्ता कार्य संचालन गर्ने वाङजिनावले नेपाली युवा युवतीहरूको प्रयोग गरी कल सेन्टर संचालन गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा खटिएको प्रहरीले उक्त घरबाट ४७ जना महिला र ३३ जना पुरुष गरी ८० जनालाई पक्राउ गरेको हो।

उक्त कार्य संचालन गर्न प्रयोग भएका १४ थान डेस्कटप कम्प्युटर, ४८ थान ल्याप्टप र २ थान आइप्याड प्रहरीले बरामद गरेको छ।

यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान जारी रहेको छ।

## इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका फरार प्रतिवादी ६ वर्षपछि पक्राउ

*काठमाडौं, २४ फागुन*

इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका फरार प्रतिवादी सिरहा बिष्णुपुर गाउँपालिका-५ लक्ष्मीपुर ठेगाना भएका ४१ वर्षीय विक्की मुस्कान भन्ने भोगेन्द्र प्रसाद यादवलाई घटनाको ६ वर्षपछि कतारबाट पक्राउ गरी नेपाल ल्याइएको छ।

आफ्नै २५ वर्षीया श्रीमती आरती परियारको धारिलो हतियारले घाँटी रेटी हत्या गरेको घटनामा संलग्न रही फरार रहेका भोगेन्द्रलाई कतारमा पक्राउ परेपश्चात प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखाले ईन्टरपोल दोहा कतारसँग समन्वय गरी नेपाल ल्याई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यन्त्रणमा लिएको हो।

ललितपुर लेलेमा २०७२ वैशाख १५ गते आरतीको हत्या गरिएको अवस्थामा शव फेला परेको थियो। घटनापश्चात वैदेशिक रोजगारीको सिलसिलामा कतार गएका भोगेन्द्रविरुद्ध अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवम् पक्राउको लागि महानगरीय अपराध महाशाखाको अनुरोधमा २०७६ पुस १२ गते ईन्टरपोल महासचिवालयबाट 'डिफ्यूजन' तथा पुन: २०७७ साउन १९ गते 'रेड नोटिस' जारी गरिएको थियो। यादवलाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि महानगरीय अपराध महाशाखामा बुझाइएको इन्टरपोल शाखाले जनाएको छ।

**लागू औषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन अपराध हो। यस्ता गैर कानुनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।**




महिला भएकै कारण कसैलाई शारिरीक, मानसिक तथा आर्थिक पीडा दिने कार्यलाई महिला हिंसा भनिन्छ। महिला हिंसा भएमा तुरुन्त प्रहरीलाई खबर गरौं।

-नेपाल प्रहरी



### कर्तब्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८।१०।०९ गते बिहान अं.७:०० बजेको समयमा जिल्ला मोरङ कटहरी गा.पा. ३ स्थित रहेको प्रमोद सहनीको होटलमा प्रतिवादी ऐ.ऐ. बस्ने बर्ष ३५ को क्याप्टेन भन्ने सुरेश सहनीले जहदा गा.पा.०३ बस्ने बर्ष ४० को अशोक ऋषिदेवलाई कुटपिट गरी मारेको घटनाको प्रतिवादी अनुसन्धान पश्चात सम्मानित मोरङ जिल्ला अदालतको आदेशले मिति २०७८।११।०८ गते पुर्पक्षको लागि कारागार चलान भएको।

### कर्तब्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८।११।०१ गते बिहान अ.०५३० बजेको समयमा जिल्ला झापा भद्रपुर न.पा. वडा नं. १ लाहुरे चोक स्थित मृतकको आफ्नै घर कोठा भित्र जाहेरवालाको छोरी बर्ष ३८ की अनिता तामाङ (लिम्बु) लाई निजकको श्रीमान अमर बहादुर तामाङले धारीलो चक्कुले घाँटीको अगाडीको भागमा काटेको र टाउकको बाँया भाग तथा अन्य स्थानहरुमा समेत ढुङ्गाले प्रहार गरी फुटाई मारेको भन्ने जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात मिति २०७८।११।३० गतेको जिल्ला अदालत झापाको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार थुनामा गएको।

### कर्तब्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८।११।०४ गते दिउसो १३;०० बजेको समयमा जिल्ला दाङ शान्तिनगर गाउँपालिका वडा नं. ०३ बेलडाँडा स्थित आफ्नै घरको आगनमा गोपाल मगरले बर्ष ६३ को कर्ण बहादुर मगरको तरकारी काट्ने चक्कुले घाँटीमा रोपी कर्तब्य गरी मारेकोले कानुन बमोजिम गरीपाउँ भन्ने समेत ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात सम्मानित जिल्ला अदालत घोराही दाङको मिति २०७८।११।२६ गतेको फैसलाले निज प्रतिवादीलाई जन्म कैदको फैसला भई कारागार चलान भएको।

### जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८।११।०५ गते अं.१९:०० बजेको समयमा जिल्ला मकवानपुर बकैया गाउँपालिका वडा नं.९ भालुखोला जंगल झाडी स्थित टिकामान स्याङतानको बारीमा ऐ.ऐ.बस्ने बर्ष ३६ को अन्यायी लोक बहादुर घिसिङले जाहेरवाला नाम परिवर्तित ३१(०७८/०७९-७८) को नाबालिका छोरी बर्ष १३ की  नाम परिवर्तित ३१(०७८/०७९-७६) लाई जवरजस्ती करणी गरेको हुँदा कानुन बमोजिम गरिपाउँ भन्ने ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित मकवानपुर जिल्ला अदालतको मिति २०७८।११।२६ गतेको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि थुनामा कारागार गएको ।

### जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८/११/०४ गते बिहान अं. ०८:०० बजेको समयमा अन्यायी जिवन पौडेलले जाहेरवालाको छोरी बर्ष ६ कि (नाम परिवर्तित ३५ भरतपुर (२९) ०७८/०७९ को कपडा खोली निजले आफ्नो समेत कपडा खोली छोरीको योनीमा हातको औंलाले चलाई रहेको अवस्थामा देखेपछी निजले हत्तपत्त आफ्नो पाईन्टको चेन लगाउँदै कोठा बाहिर निस्की गएको हुँदा अन्यायमा परी प्रस्तुत जाहेरी दरखास्त लिई उपस्थित भएकोमा, निज अन्यायीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरीपाउँ भन्ने समेत व्यहोराको बर्ष २४ कि परिवर्तित नाम थर- ईन्द्रेणीटोल (१) को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात घटनामा संलग्न जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.२ बस्ने जिवन पौडेललाई सम्मानित चितवन जिल्ला अदालतको मिति २०७८/१२/०२ गतेको आदेशले पुर्पक्षको लागि कारागार चलान भएको।

### जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८।०९।३० गतेको साँझ अन्दाजी १९:०० बजेको समयमा जिल्ला कञ्चनपुर लालझाडी गा.पा. २ कञ्ज बस्ने सुकदेव राना र रामप्रबेश रानाले मलाई डराई धम्काई मुख च्यापी पालैपालो ऐ.बेलौरी न.पा. ५ उदयपुर स्थित दोदा नदिको छेउमा बाटोमा जबरजस्ती करणी र अन्यायी सुनिल रानाले जबरजस्ती करणी गर्न खोजेकोले कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने ब्यहोराको पिडित परिवर्तित कञ्चनपुर ७५ बेलौरी F कुमारीको जाहेरी दरखास्त प्राप्त भएकोमा मिति २०७८।११।०१ गते जिल्ला अदालतको आदेशले प्रतिवादी सुकदेव राना र रामप्रबेश राना पुर्पक्षको लागि कारागार चलान भएको। प्रतिवादी सुनिल राना रु.२,००,०००।– (दुई लाख) धरौटी तिर्न नसकी कारागार चलान भएको।

### विष्फोटक पदार्थका अभियुक्त कारागार चलान

मिति २०७८।१०।१८ गते अ.०९;४० बजेको समयमा जिल्ला झापा मेचीनगर न.पा.वाड न. ७ स्थित नेपाल भारत जोड्ने मेचिखोलाको पुरानो पुल मुनि मेचिखोलाको बगरमा संकास्पद अवस्थामा व्याग झोला छ भन्ने स्थानिय मानिसले दिएको सुचनाको आधारमा उक्त स्थानमा खटी गई चेकजाँच खानतलासी गर्दा उक्त झोला भित्र ईलेक्ट्रीक डेटोनेटर कमरसियल थान ८० र नेपोलाईट विष्फोटक पदार्थ थान ९१ लगायतका सामान फेला पारी बरामद गरी दाखिला गरेको छौं, कानुन वमोजिम गरीपाउँ भन्ने समेत व्यहोराको प्र.नि.होम प्रसाद अधिकारी समेतले प्रतिवेदन दिएकोमा अनुसन्धान पश्चात मिति २०७८।११।०८ गतेको सम्मानित अदालतको आदेशले प्रतिवादी मानिक वर्मन पुर्पक्षको लागि कारागार थुनामा गएको।

**"Say No To Drugs"**

-Nepal Police

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्


**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल, काठमाडौ**

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np मोबाईल: ९८५१२९८१९८ फोन: ०१-४४१२७४८